**मिति २०८३।०३। ०७ गते बसेको ६२ औं कार्यपालिका बैठकका निर्णयहरु :**

**प्रस्तावहरुः**

१.विषयगत समितिवाट पारित भएका नीति तथा कार्यक्रम स्वीकृत सम्वन्धमा
२.राजश्व परामर्श समितिको आर्थिक ऐन र विनियोजन ऐन सम्वन्धमा ।
३.कार्यपालिकाले गरेको निर्णय,कार्यविधि अनुमोदनको लागि पेस गर्ने सम्वन्धमा ।
४.राष्टपति रनिङ शिल्डको भुक्तानी सम्वन्धमा ।
५ विद्यालयलाई भुक्तानी सम्वन्धमा
६.योजना संसोधन तथा रकमान्तर सम्वन्धमा
७.छात्राबृत्ति सम्वन्धमा,
८.शिक्षक काज फिर्ता सम्वन्धमा,
९.अपुग तलव भत्ता सम्वन्धमा,
१०.उच्च प्रभावयुक्त सामुदायिक विकास परियोजना सम्वन्धमा
११.जग्गा खरिद सम्वन्धमा,
१२.भुक्तानी सम्वन्धमा
१३.वालविकास केन्द्र व्यवस्थापन सम्वन्धमा
१४.आर्थिक सहायता तथा राहत सम्वन्धमा
१५.विविध सम्वन्धमा ।

**निर्णय नं.१**

यस गाउँपालिकाको आ.व.२०८३/०८४ को वजेट तर्जुमा समिति र वजेट सिमा निर्धारण समितिको वैठकवाट निर्धारण गरिएको वजेट सिमाको अधिनमा रहि विषयगत समितिमा छलफल भई आर्थिक विकास समिति,सामाजिक विकास समिति,पुर्वाधार समिति,वन वातावरण तथा विपद व्यवस्थापन समिति र सुशासन सेवा प्रवाह तथा संस्थागत विकास समितिवाट आएका योजनाका आधारमा बजेट तर्जुमा समिति द्वारा तयार गरिएको आगामी आ. व २०८३।८४ को विस्तृत नीति,बजेट तथा कार्यकमलाई बुंदागत रुपमा बृहत छलफल भई पारित भएकोले सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.२**

यस गाउँपालिकाको आ.व.२०८३/०८४ का लागि कार्यन्वयन गर्ने राजश्व परामर्श समितिले गरेको निर्णय वमोजिम करका दायरा अनुरुप आर्थिक ऐन, विनियोजन ऐन र वजेट वक्तव्य स्वीकृत गरी गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

मित्र बहादुर कार्की
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं.३**

यस गाउँपालिकाको गाउँकार्यपालिकाले वनाएको कार्यविधि,ऐन, नियमावली ,साथै हालसम्म गरिएको कार्यपालिकाको निर्णय,आ.व.२०८२।०८३ को न्यायिक समितिको प्रतिवेदन,आ.व.२०८१।०८२ को अन्तिम लेखा परीक्षण प्रतिवेदनलाई स्वीकृत गर्दै अनुमोदन गर्नको लागि गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

| क.स. | कार्यविधि/ऐन/नियमावली/नीति | स्वीकृत मिति |
|---|---|---|
| १ | सामुदायिक सिकाई केन्द्रमा परिचालक व्यवस्थ गर्ने सम्वन्धि कार्यविधि,२०८३ | २०८३/०३/० |

**निर्णय नं.४**

रोल्पा जिल्ला स्तरिय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता मिति २०८३।०१।२६ देखि २९ गतेसम्म थवाङ गाउँपालिमा भएकोले उक्त खेलकूद प्रतियोगितामा यस परिवर्तन गाउँपालिकावाट सहभागीका लागि जादाँ आवश्यक पर्ने खेलकूदका विभिन्न खेल विधाका विद्यार्थीहरुलाई ड्रेस खर्च औषधि भाडाखर्च वापत विविध खर्चवाट खर्च हुने गरी रु १,००,०००। अक्षरुपी एकलाख रुपैया मात्र खर्च भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं.५**

परिवर्तन गाउँपालिका मा.वि. स्तरिय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता मिति २०८३।०१।०३ देखि ०६ गते सम्म शहिद स्मृति रंगशाला धामाचौरमा संचालन भई सम्पन्न भएकोले उक्त प्रतियोगितामा १२ वटा विद्यालयवाट सहभागी भएका विद्यालयहरुलाई प्रति विद्यालय २५,०००। अक्षरुपी पच्चीस हजार रुपैया का दरले रु ३,००,०००। अक्षरुपी तीन लाख रुपैया मात्र । विद्यालय संचालन तथा व्यवस्थापन अनुदान खर्च शिर्षकवाट खर्च हुने गरि १२ वटा विद्यालयलाई भुक्तानी दिने निर्णय पारित गरियो ।

**निर्णय नं.६**

परिवर्तन गाउँपालिकाको आन्तरिक स्रोत र वडानं.१ को देहाय वमोजिमको शिर्षकलाई रकमान्तर तथा संसोधन गरि चालु आ.व.२०८३।०८३ मा भुक्तानी गर्ने निर्णय गरियो ।

**रकमान्तर तथा संसोधन सम्वन्धमा**

| क्र.स. | घटाउनु पर्ने | | वढाउनु पर्ने | |
|---|---|---|---|---|
| | शिर्षक | वजेट | शिर्षक | वजेट |
| १ | कुनावारा सेलुजु खा.पा.मर्मत | ६०,००० | गल्मुका खोला तीनमुहान मर्मत सम्भार | ६०,०००। |
| २ | राजश्व परामर्श समितिवाट संसोधित अनुमान आन्तरिक स्रोत | ६,००,००० | वातावरणीय परीक्षण (IEE) | ४,००,०००। |
| | | | जौले पोखरी सिंचाई टयाङकी निर्माण | २,००,०००। |

मिम बहादुर जी.सी
प्रमुख प्रशासकीय अधिकृत

। परिवर्तन गाउँपालिकाको राजश्व बाँडफाँड र आन्तरिक स्रोतबाट व्यवस्था भएको विद्यालय संचालन तथा व्यवसथापन अनुदान बजेट शिर्षकवाट तलव भत्ता उपलब्ध गराउने निर्णय पारित गरियो ।

**निर्णय नं.१०**

रोल्पा जिल्ला, परिवर्तन गाउँपालिका वडा नं. १ मा अवस्थित श्री वाल कल्याण माध्यमिक विद्यालयको पक्की भवन निर्माण लगायतका आवश्यक भौतिक पूर्वाधार विकास कार्यका लागि भारत सरकार द्वारा प्राप्त हुने "उच्च प्रभावयुक्त सामुदायिक विकास परियोजना" (High Impact Community Development project -HICDPS_ अन्तर्गतको अनुदान सहयोग कार्यान्वयन गर्न, उक्त परियोजनामा म्याचिङ फन्ड स्वरूप न्यूनतम ५% (पाँच) प्रतिशत रकम यस परिवर्तन गाउँपालिकाबाट व्यहोर्ने निर्णय गरियो ।

**निर्णय नं.११**

रोल्पा जिल्ला, परिवर्तन गाउँपालिका वडानं.५ साविक राङकोट गा.वि.स. वडानं.२ वस्ने जग्गा धनी पंच बहादुर घर्तिको नाति आम्बहादुर घर्तिको छोरा कर्णविर घर्तिमगरको नाममा रहेको कि.न.७८३ को क्षेत्रफल ९९५ मध्येवाट परिवर्तन गाउँपालिका कार्यालयको नाममा १३० वर्ग मिटर जग्गा रु ५०,०००। अक्षरुपी पचास हजार रुपैयामा खरिद गर्ने निर्णय गरियो ।

निर्णय नं.-१२

यस परिवर्तन गाउँपालिकाको सवै वडा कार्यालयहरुमा २०८२ फाल्गुण १ गते जनयुद्ध दिवश विभिन्न कार्यक्रम गरि मनाइएको हुँदा सो कार्यक्रम खर्च वापत प्रति वडा रु १०,०००।अक्षरुपी दश हजार रुपैया को दरले भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं-१३

परिवर्तन गाउँपालिका भित्र रहेका वडागत वाल विकास शिक्षकहरुको आ.व.२०८२।०८३ को वालविकास केन्द्रलाई शैक्षिक सामाग्री व्यवस्थापन शिर्षकवाट प्रति वाल विकास केन्द्रलाई रु ५०००। अक्षरुपी पाँच हजार रुपैया । दरले १३ वटा वाल विकास केन्द्रहरुलाई संचालन तथा व्यवस्थापनका लागि रु ६५,०००। अक्षरुपी पैसटठी हजार रुपैया उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.-१४**

यस परिवर्तन गाउँपालिकामा आ.व.२०८२/०८३ मा वर्षादको समयमा विभिन्न स्थानमा पहिरो,हावाहुरी,चट्याङ र आगलागीवाट क्षति भएका तथा गाउँपालिका भित्रका समुदायहरुलाई क्यान्सर,मुटुको विरामी तथा अन्य विरामीहरुलाई आर्थिक कमजोरको कारण उपचारमा समस्या भएकाहरुलाई सहयोग स्वरुप आर्थिक सहायता उपलव्धको लागि यस गाउँपालिकामा गहत तथा आर्थिक सहयोग मागको लगणि पेस हुन आएको निवेदनहरुलाई यस गाउँपालिकाको आर्थिक सहायता कोष संचालन तथा व्यवस्थापन कार्यविधि २०७७ वमोजिम रु १०,०००। भन्दा कम भएको गहतलाई

तोकआदेश अनुसार र रु दश हजार भन्दा माथिको राहत रकम गाउँकार्यपालिकाको बैठकले देहायको व्यक्तिहरुलाई देहायबमोजिमको राहत तथा आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

| क.स | नाम थर | ठेगाना | निवेदनको किसिम | सहयोग रकम |
|---|---|---|---|---|
| १ | दिलकुमारी वली | परिवर्तन २ रोल्पा | दिलकुमारी वलीको श्रीमान मनपति वलीको दायाँ हात कुहिना भन्दा तलको भाग नचल्ने भएकोले हाल औषधि उपचार गरिरहनु पर्ने भएकोले घरको आर्थिक अवस्था कमजोर भएकोले आर्थिक सहायता गरिदिनुहुन भनि निवेदन पेश भई आएकोले आर्थिक सहायता उपलब्ध गराईएको | १५,०००। |
| २ | विर्रसिंह वली | परिवर्तन २ रोल्पा | विर्रसिंह वलीको टाउकाको दायापट्टीको भागमा गम्भिर चोट लागेकोले यस उपचार गर्नको लागि घरको आर्थिक अवस्था कमजोर भएकोले आर्थिक सहायता गरिदिनुहुन भनि निवेदन पेश भई आएकोले आर्थिक सहायता उपलब्ध गराईएको | १५,०००। |
| ३ | डल्ला कामी | परिवर्तन ६ रोल्पा | डल्ला कामीको श्रीमति नन्दु कामी मिति २०८२।०९।३० गते घार काल्ने क्रममा भिरवाट लडेर करङ र मेरुदण्डको हड्डी भाचिन गई राप्ती स्वास्थ्य प्रतिष्ठानमा उपचार गरि रहेकोले आर्थिक अवस्था कमजोर भएकोले आर्थिक सहायता गरिदिनुहुन भनि निवेदन पेश भई आएकोले आर्थिक सहायता उपलब्ध गराईएको | १२,०००। |
| ४ | विष्णु घर्ती | परिवर्तन २ राङसी | भिषण हावाहुरी आएर ढुङगामाटोले बनेको कच्ची घरको जस्तापाताले छाएको छाना तथा डानाभाटा समेट उडाएर क्षेति पुराएको । | २०००० |
| ५ | चन्द्र कुमारी दमाइ | परिवर्तन ३ इरिवाङ थुनिकोट | भिषण हावाहुरी आएर ढुङगामाटोले बनेको कच्ची घरको जस्तापाताले छाएको छाना तथा डानाभाटा समेत उडाएर क्षेति पुराएको र कोठामा राखिएको अन्नबाली र मोवाइल समेत क्षेति पुराएको । | २५००० |
| ६ | विक्ष्णु रोका मगर | परिवर्तन ५ राङकोत | भिषण हावाहुरी र पानी आएर रुखहरु ढाली सागरराखेला लघु जलविद्युतको घर भत्काउनुका साथै अन्य क्षेति पुराएको | २५००० |
| ७ | गनेश कुमार | परिवर्तन १ | विध्यालय भवन पुर्ण जिण भएको र | २५००० |

जित बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| | यादब | कुरेली दालिमपरिवर्तन २ राङसी हिरीवन | हावाहुरी पानी आएर भवनको छाना चुहिएर पठनपाठनमा समेत असर पुराएकोले तत्काल भवन मर्मत गर्न आवश्यक देखिएको | |
| ८ | विर्मा वि क | पाछावाङ ४ | हावाहुरी आएर जस्तापाताले छाएको कच्चि घरको जस्तापाता सहित दानाभातभाता समेत उडाएर क्षेति पुराएको | १२००० |

निम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत